स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




'फेन्टासी कमेडी ड्रामा' जनरामा बन्न लागेको फिल्म 'लाइफ इयामेज'को निर्माण घोषणा गरिएको छ । कन्टेन्ट क्रिएटरको रुपमा परिचित निमेष श्रेष्ठले यसलाई निर्देशन गर्देछन् । श्रेष्ठ आफैंले अभिनेत्री सुरक्षा पन्तसँग फिल्मको शीर्ष भूमिकामा अभिनय गर्देछन् । शुक्रबार कमलादीस्थित गणेश मन्दिरमा पूजा गर्दै मुहूर्त गरिएको हो । मुहूर्तमा सुरक्षा र निमेशसहित फिल्मका प्रमुख कलाकार र प्राविधिक टोली उपस्थित थिए ।

**आजको विचार...**



हवाइ...
(दुई पेजमा)

श्रीप्रसाद देवकोटा



चलचित्र विकास बोर्डले डेढ वर्षदेखि स्वदेशी र विदेशी फिल्मको बक्सअफिस तथ्यांक सार्वजनिक गरेको छैन । जसले गर्दा निर्माता र वितरकबाट प्राप्त तथ्यांकलाई नै आधार मान्नुपर्ने अवस्था छ । तर, प्रायःले फिल्मलाई सफल देखाउन वास्तविक आँकडाभन्दा दोब्बर बढाएर समेत सार्वजनिक गरिरहेका छन् । बोर्डले बक्सअफिस रिपोर्ट लुकाएर राख्दासम्म यो प्रवृत्ति कायमै रहने देखिन्छ । प्रदर्शनको दुई दिनमा नै १ करोड ५१ लाख कमाएको दावी गरिएको थियो ।


❐ वर्ष ३० ❐ अंक १३ ❐ २०८१ साउन १३ गते आइतबार 28 July 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### बस र यात्रु अझै अज्ञात



**पाल्पा,** साउन १२/पहिरोले बगाउँदा त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बस अझैसम्म फेला पार्न सकिएको छैन् । नारायणगढ-मुग्लिन सडकको भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालमा लेदोसहितको पहिरो खस्दा त्रिशूली नदीमा बेपत्ता भएका बस र यात्रुको १५ औं दिनसम्म पनि आज्ञात नै छ ।

गत असार २८ गते नारायणगढ - मुग्लिन सडकको सिमलतालमा खसेको पहिरोमा परी काठमाडौंबाट गौर जाँदै गरेको र वीरगञ्जबाट काठमाडौं जाँदै गरेको दुई बस त्रिशूली नदीमा खसेका थिए । ६५ जना सवार उक्त बसका ३ जना जीवितै रहेका छन् भने ६३ जना यात्रु हराइरहेको थियो । हालसम्म २४ जनाको शव फेला परेकोमा १९ जनाको मात्र सनाखत भएको छ ।

# रविको जिन्दगीमा वज्रपात

## भन्छन्–'के सोंचेको थिए जिन्दगीमा के भयो आज'

### काम गर्न पाएँ भने बाँचिएला, नत्र कति बेला हो ? ठेगान छैन्

**कृष्ण पोखरेल**

**पाल्पा,** साउन १२/जीवनमा यति धेरैदु:खले घेर्ला भन्ने संकेतसम्म पनि थिएन, तानसेन नगरपालिका-८ मदनपोखराका ३२ बर्षिय रवि बस्याललाई । १० वर्ष अघि मदनपोखराबाट जोस जाँगर र मनमा अथाह सपना बोकेर बुटवल झरेका उनी राम्रैसँग काम गर्दै पढ्दै थिए । बुटवलको एक होटलमा कुकको काम गर्दै स्नातक तह अध्ययन गर्दै गरेका बस्यालले सिप सँगै विए पास गरेर स्वदेशमै राम्रै पैसा कमाउने सपना साँधेका थिए । तर उनको सपना यतिकैमा ब्रेक लाग्न पुगेको छ । आफु ताक्छ मुढो बञ्चरो ताक्छ घुडो भन्ने जस्तै उनको जीवनमा वज्रपात आइपर्‍यो ।

स्नातक तहको अन्तिम बर्षको अध्ययन सकिनै लाग्दा होटलमा काम गर्दा गर्दै रवि विरामी भए । विरामी भएपछि उनी पाल्पा मदनपोखरा घर फर्किए । लामो समयसम्म पनि ज्वरो निको नभएपछी उनले मिसन



अस्पतालमा चेक जाँच गराए । रोगको लक्षणको आधारमा ढाडबाट पानी निकाली परीक्षण गराउँदा उनलाई टिभी सहितको म्यानेनजाईटिस भएको रहेछ । उपचारको क्रममा रविको शरिरमा गाठा गुठी आउने, ढाड मुनीको भाग विस्तारै कमजोर हुँदै गयो । उनले विभिन्न अस्पतालहरुमा उपचार गराए तर रोग निको भएन् । घरमा भएको सम्पतिसँगै आफन्त इष्टमित्रबाट लिएको सापटी समेत उपचारको क्रममा सकियो । रोग झन् बल्झिदै गयो । अहिले रविको ढाड मुनीको भाग चल्दैन । उनको ढाड मुनीको भागमा प्यारालाईज भएको छ । उनी अहिले एक ठाउँबाट अर्को ठाउँमा अरुको सहयोग विना हलचल गर्न सक्दैनन् । जसको कारण उनलाई दैनिकी चलाउन निकै कठिन भएको छ । शारिरिक अपाङ्गतासँगै आर्थिक समस्याका कारण रविको जीवन अहिले अफ्ठेरोमा परेको हो । उनको परिवारमा बाबा, आमा र अन्य दुई भाईसहित ५ जनाको परिवार छ । उनी जेठा छोरा हुन् । बुटवलमा बसेर पैसा कमाउदै गर्दा रवि घर परिवार सबैका प्यारा थिए । तर अहिले तिनै सबैतिरबाट अपहेलित जीवन जिउन बाध्यता भएका छन् । उनको अवस्था जटिल बन्दै गएपछि आफ्नै जन्म दिने बाबु पनि घर छोडेर अन्यत्र गई बसेका छन् । माईलो भाईले तानसेनमा ज्याला मजदुरी गरेर दाइ रविको हेरचाह गर्दै आएका छन् । रविको आर्थिक अवस्था निकै कमजोर रहेको छ । उनको अझै पनि आफ्नो उपचारमा सुधार हुने र पुराने अवस्थामा फर्किन सकिने आत्मविश्वासका साथ ६ महिनादेखी तानसेन बडिज्ञानटोलको कोरियन थेरापीमा थेरापी गर्दै आएका छन् । राम्रो अस्पतालमा उपचार गराउन सके आफु कम्तीमा आफै दिशा पिसाव गर्न सक्ने, सामान्य किसिमको हिड्डुल गर्न सकिने आशा रविमा रहेको छ । तर आशा मात्र भएर के गर्नु उनले पीडा पोख्दै भने 'उपचार गर्न पैसा चाहिदो रहेछ घरपरिवारबाट एक पैसा जुटाउने अवस्था छैन्, कयौ पटक अपाङ्ग भत्ता जम्मा गरेर उपचार गर्न गए तर पुन: फलोअपमा पैसा नभएकै कारण जान सकिन ।' रोग झन् झन् जटिल हुँदै गएको उनको भनाई छ ।

पहुँच नभएको र आवश्यक सहयोग नपाएका कारण उपचार गर्न नसक्दा प्यारालाईज भएर बाच्नु परेको रविले गुनासो गरे । मसँग अपाङ्ग भत्ता बाहेक अरु कुनै आम्दानी छैन् कहि कतैबाट सक्दो सहयोग पाए, अझै पनि केही गरेर जीवन बाच्न सकिन्छ भन्ने आत्मविश्वास रहेको रविले बताए । पैसाको अभावमा दिनमा एक छाक खाना र पानी खाएर दैनिकी गुजार्ने गरेको उनको दुखेसो छ ।

'जीन्दगीमा के सोचेको थिए, के भयो ? 'उनले भने '२१ बर्ष सम्म म हट्टा कट्टा भएको मान्छे आज अरुको सहारामा बाच्नु परेको छ । तर मैले हिम्मत हारेको छैन । मनमा आशा र भरोसा लिएर बाचेको छु । स्नातकसम्म पढे लेखेको छु । मलाई सक्दो सहयोगसँगै केही काम गरेर जिविकोपार्जन गर्न चाहेको छु । शरिरको कम्मर भन्दा मुनीको भागले काम नगर्ने भएकोले घरमै बसेर गर्न मिल्ने काम खोजेको छु तर पाउन सकेको छैन । मेरो शारिरिक अवस्था अवलोकन गरेर मलाई मिल्ने खालको कामको व्यवस्था भए मेरो उपचार र दैनिकी चलाउन सहज हुने थियो ।' प्रधानमन्त्री केपी शर्मा ओलीले आधा हात भएका फरक क्षमताका गणेश राईलाई जागिर दिएर उदाहरणीय काम गर्नुभएको थाहा पाए, म जस्तो फरक क्षमता भएको व्यक्तिलाई पनि कुनै न कुनै गर्न सक्ने काम दिएर जीवन बचाई दिनुहुन्छ भन्ने विश्वास रहेको उनको भनाई छ । कहि कतैबाट काम पाए बाच्न सकिएला नपाए मेरो जीवन कष्टकर रुपमा अन्त्य हुने उनले सुनाए । रविको दिमागी अवस्था ठिक छ । उनी अहिले हुइलचियरमा बसेर कोठामा खाना पकाउने गर्दै आएको छन् ।

# दश जनामा हैजा संक्रमण



**पाल्पा,** साउन १२/पछिल्लो केही दिन यता देशका विभिन्न जिल्लाहरुमा हैजा संक्रमणका विरामीहरु देखिन थालेका छन् । बर्खा लागेसँगै हैजाका विरामी देखिन थालेका हुन् ।

अहिले नेपालको ललितपुर र कैलाली जिल्लामा हैजा संक्रमित रहेको पुष्टि भएको छ । स्वास्थ्य सेवा विभागअन्तर्गतको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी)का अनुसार हालसम्म १० यी दुई जिल्लामा १० जनामा हैजा संक्रमण पुष्टि भएको छ । ललितपुरमा सात र कैलालीमा तीन जनामा हैजा पुष्टि भएको महाशाखाले जनाएको छ ।

हैजा विशेषगरी 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखालासम्बन्धी रोग हो । सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने गर्दछ । हैजा सङ्क्रमण भएको एक दिनभन्दा कम समयदेखि पाँच दिनसम्म लक्षणहरु देखा पर्छन् । हैजा सङ्क्रमण भयो र उपचार पाएन भने केही घण्टामै सङ्क्रमितको मृत्यु पनि हुनसक्ने चिकित्सकहरु बताउँछन् ।

# पहिराले नहर पुरिँदा पाँच सय हेक्टर जमिन बाँझो

**वालिङ (स्याङ्जा),** साउन १२/पहिराले नहर पुरिँदा स्याङ्जाको चापाकोटमा झण्डै पाँच सय हेक्टर जमिन बाँझो भएको छ । चापाकोट नगरपालिका-४ दार्सिङस्थित ज्याग्दीखोलामा बाँध बाँधेर २७ किलोमिटर टाढाबाट सिँचाइका लागि पानी ल्याइएको नहर पहिराले पुरिँदा खेतीयोग्य जमिन बाँझो रहेको हो ।

गत असार २२ गते अविरल वर्षासँगै आएको पहिराले ठूला ढुङ्गा ल्याइ नहर पुरिएको थियो । अहिले पनि नहरबाट पहिरो हटाउन नसकिएकाले पानी सञ्चालन गर्न नसकिएको चापाकोट टार सिँचाइ योजना जल उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद सुवेदीले बताए । गत असार २२ गते विभिन्न ठाउँमा नहरको माथिल्लो भागबाट ठूला ढुङ्गासहितको



पहिरा आएर पुरिएको छ, 'उनले भने, ससाना पहिराहरु त हटायौं तर ठूला ढुङ्गासहितको पहिरा हटाउन पटकपटक प्रयास गरिएता पनि सकिएको छैन ।' नहरको छ किमी तीन सय मिटरको दूरीमा रहेको भुङ्दी र चार किलोमिटर नौ सय ५० मिटरको दूरीमा रहेको डाङ्गेपानी भन्ने ठाउँमा ठूला ढुङ्गासहितको पहिराले नहर अवरुद्ध भएको उनले बताए । 'स्थानीय खोला खोल्साको पानीले करिब पाँच सय हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ', उनले भने, 'बाँकी रहेको पाँच सय हेक्टर क्षेत्रफलमा रोपाइँ गर्नका लागि नहर चल्नैपर्छ, वर्षा नभएमा र नहर नचलेमा अहिले रोपिएको धान खेतमा धाँजा फाट्छन् ।'

पहिराले नहरमा ठूला ढुङ्गा ल्याउँदा त्यसलाई हटाउन समस्या भएको नगर प्रमुख देवबहादुर खाँणले बताए । 'पहाडको भिरालो भागमा नहरभन्दा माथिबाट ठूला ढुङ्गा आएर अड्किएको छ' उनले भने, 'मान्छे लगाएर, फोडेर हटाउन सकिने अवस्था छैन, त्यहाँ डोजरलगायतका साधनहरु जाने ठाउँ पनि छैन ।'


-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## हेपाटाइटिस रोगप्रति सचेत रहौं

हेपाटाइटिस भाइरसद्वारा हुने एक सरुवा रोग हो । यस रोगले मानिसको कलेजोमा असर गर्छ । अन्य मौसमभन्दा वर्षातको समयमा बढी देखा पर्छ । यसको बेलैमा उपचार भएन भने लिभर क्यान्सर तथा सिरोसिस अफ लिभर हुने सम्भावना हुन्छ । यसलाई एड्सभन्दा पनि खतरनाक मानिन्छ । हेपाटाइटिसबाट मर्नेको संख्या एड्सबाट मर्नेको संख्या भन्दा १० गुणा बढी छ । मानव शरीरमा कलेजो महत्वपूर्ण अङ्ग हो । यो सुन्निएको अवस्था नै हेपाटाइटिस हो । विभिन्न विषाणुको संक्रमण, औषधिको प्रयोग, क्यान्सर आदि हेपाटाइटिसका कारण हुन् । समयमा ध्यान नपुर्‍याउने हो भने यसले विकराल रूप लिने निश्चित देखिन्छ । अहिले यस चुनौतीसँग जुध्न धेरै राष्ट्रले सक्रिय रुपमा लागेका छन् ।

नेपालसहित विश्वभर जुलाई २८, अर्थात आज विश्व हेपाटाइटिस दिवस मनाउने गरिन्छ । हेपाटाइटिस बी भाइरस पत्ता लगाएका प्राध्यापक बारुख सामुएल ब्लुमवर्गको जन्मदिन २८ जुलाईमा हरेक वर्ष विश्वभर हेपाटाइटिस दिवस मनाइन्छ । प्रा. ब्लुमवर्गको सम्झना र भाइरल हेपाटाइटिसबाट हुने स्वास्थ्य समस्याबारे बझ्नु–बुझाउनु यो दिवसको मूल उद्देश्य हो । तर अझै पनि धेरै नागरिकहरु यो रोगबारे अनविज्ञ छन् । नेपालमा हेपाटाइटिस लागेका आधाभन्दा बढी व्यक्तिलाई आफू संक्रमित भएको हेक्का नै छैन । कुनै कारणवश रगत परीक्षण गर्दा हेपाटाइटिस लागेको थाहा भइहाले पनि समाजमा व्याप्त नकारात्मक दृष्टिकोणले गर्दा धेरै बिरामी आफ्नो रोग लुकाउन बाध्य छन् । धेरै बिरामीहरूमा हेपाटाइटिस बी र सीको उपचार सम्भव छ भन्ने समेत जानकारी नै छैन, जुन आजका दिनमा साह्रै दुर्भाग्यको विषय हो । हेपाटाइटिस सम्बन्धी जनचेतना, रोकथाम, निदान, नियन्त्रण तथा हेपाटाइटिस बी खोपको 'कभरेज' वृद्धि आजको आवश्यकता हो । यो संक्रमण हुन नदिन मानिस स्वयमं आफै सचेत हुनुपर्छ । दुषित पानी तथा खानेकुराको सेवन नगर्ने, खाना खानु अगाडि साबुन पानीले राम्ररी हात धुने, सफासुघरमा बस्ने, फलफुल, तरकारीको सेवन गर्नु पूर्व त्यसलाई सफा पानीले राम्ररी सफा गर्ने, वर्षायाम पानीको सेवन गर्नु पूर्व त्यसलाई राम्ररी उमाल्ने वा उमालेको पानीको मात्र सेवन गर्ने, पानी उमाल्न नसकेको खण्डमा पानीमा क्लोरिनको प्रयोग गर्ने,असुरक्षित यौन सम्बन्ध नराख्ने जस्ता कुरामा हरेक व्यक्ति सचेत हुनै पर्दछ । यसर्थ यी कुराहरुमा सचेत बन्न सके साथै हेपाटाइटिस रोग लाग्नबाट बच्न सकिन्छ ।

### Opinion @ Social Network

जीवन बद्‌ल्नु छ भने संघर्षको मैदान मा उत्रनु पर्छ,
सपना साचेर त चाहाना थपिन्छ कहाँ उदेश्य पूरा हुन्छ र !
*(सुमन रानाको फेसबुक स्टाटसबाट www.facebook.com//rana.suman45965)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हवाई दुर्घटनाले उब्जाएका प्रश्न



श्रीप्रसाद देवकोटा

*यसको करिब ४६ वर्षपछि मात्र नेपालमा वायुयान अवतरण भएको इतिहास छ । तत्कालीन भारतीय राजदूत सरजित सिंह सवार विमान सन् १९४९ को अप्रिल महिनामा हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको घाँसे मैदानमा अवतरण गरेको थियो । आज नेपाली विमानस्थलमा वायुयान अवतरण गरेको ७५ वर्ष भइसकेको छ । हवाई उड्डयन क्षेत्रको विकासले गर्दा समग्र ब्रह्माण्ड नै एउटा गोलघरमा सीमित भएको छ ।*

ओर्भिल र विल्बर दाजुभाइले सन् १९०३ मा विमान नामक यन्त्रको आविष्कार गरी राइट फ्लायर नाम दिएर उडाएका थिए । उक्त राइट फ्लायर नै संसारको पहिलो मानव चेतनाबाट नियन्त्रित र गुरुत्वाकर्षणबाट अप्रभावित वायुयानको रूपमा लिइन्छ ।

यसको करिब ४६ वर्षपछि मात्र नेपालमा वायुयान अवतरण भएको इतिहास छ । तत्कालीन भारतीय राजदूत सरजित सिंह सवार विमान सन् १९४९ को अप्रिल महिनामा हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको घाँसे मैदानमा अवतरण गरेको थियो । आज नेपाली विमानस्थलमा वायुयान अवतरण गरेको ७५ वर्ष भइसकेको छ । हवाई उड्डयन क्षेत्रको विकासले गर्दा समग्र ब्रह्माण्ड नै एउटा गोलघरमा सीमित भएको छ ।

हाल नेपालमा २१ वटा वायुसेवा कम्पनी छन् । तीमध्ये नौवटाले 'फिक्स्ड विङ' वायुयान अर्थात् हवाईजहाज मात्रै, १२ वटाले रोटर विङ वायुयान अर्थात् हेलिकप्टर मात्रै र एउटा कम्पनीले दुवै खालका वायुयान उडाउँदै आएका छन् । समय र सुविधाको हिसाबले उडान अनुकूल देखिएतापनि पटक-पटकमा दुर्घटना र ठूलो मानवीय क्षतिले गर्दा हवाई सेवाप्रति डर, त्रास र अविश्वास बढ्दो छ । विमान दुर्घटना भएपछि छानबिन समिति बनाई अनुसन्धान गरेर सम्भावित कारण खोज्ने प्रयास हुने गरेको भए पनि दुर्घटना हुने क्रम रोकिएको छैन । नेपालको हवाई उड्डयन इतिहासमा बुधवार बिहान त्रिभुवन विमानस्थलमा सौर्य एयरको सीआरजे ७०० ९ एन-एएमई जहाज दुर्घटनासँगै हवाई दुर्घटनाको संख्या १०५ पुगेको छ। यी दुर्घटनामा ९१५ जनाको ज्यान गएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को तथ्यांक अनुसार २०१२ सालदेखि बुधबारको घटनासम्म यात्रुको ज्यान जाने गरी ३६ आन्तरिक र आठ अन्तर्राष्ट्रिय विमान तथा १७ हेलिकप्टर दुर्घटना भएका छन् । नेपालमा हवाई दुर्घटनाको इतिहास झण्डै सात दशक पुरानो छ । यद्यपि यात्रुको ज्यानै गएको पहिलो घटना कलिंगा एयर दुर्घटना (२०१२ वैशाख) हो । जसमा दुईको मृत्यु र एक घाइते भएका थिए ।

मुलुककै पहिलो अन्तर्राष्ट्रिय र सुविधासम्पन्न त्रिभुवन विमानस्थल परिसरमै पाँच ठूला दुर्घटना (१४ जनवरी १९९५ देखि २५ जुलाई २०२४ सम्म) भएका छन् । जसमा ७२ जनाले ज्यान गुमाइसकेका छन् भने सयौं घाइते भएका थिए । माथि प्रस्तुत दुर्घटनाले ठूलो मानवीय र आर्थिक क्षति भएको तथ्य प्रष्ट हुन्छ । यस बाहेक जहाज अवतरणको क्रममा रन-वेबाट चिप्लिने, इन्जिन फेल हुने, टायर पड्किने, आगो निस्कने, ल्यान्डिङ गियर अड्किने जस्ता धेरै दुर्घटना भएका छन् । यी घटनामा यात्रुहरू सामान्य घाइते भए पनि मानवीय क्षति हुनबाट भने जोगिएको छ । यसले मनोवैज्ञानिक त्रास र भय बढ्दो छ ।

**दुर्घटनाले उब्जाएका प्रश्न**

मुख्यगरी १ माघ २०७९ मा यती एयरलाइन्सको नाइनएन-एएनसी एटीआर ७२-५०० विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै सेती खोंचमा दुर्घटना पश्चात् उडान क्षेत्रमा त्रास र बहस सुरु भएको छ। ठूलो विमानस्थल, सफा मौसम र 'कन्डिशनको जहाज एवं तालिमप्राप्त चालकहरू हुँदाहुँदै' पनि किन दुर्घटना भयो ?

७२ जनाको ज्यान जाने गरी भएको दुर्घटनाले सबैलाई स्तब्ध पार्‍यो । छानबिनका लागि समिति बनाइयो । छानबिन समितिले दुर्घटनाका विभिन्न कारणहरू औंल्याएको थियो । मुख्यगरी दुवै कन्डिसन लिभरहरू तानेपछि जहाज 'फेदर पोजिशनमा गएको र अगाडि बढ्न नसकेको कारण खसेर दुर्घटना भएको हुनसक्ने' आयोगको प्रतिवेदनमा उल्लेख छ । साथै उक्त प्रतिवेदनमा चालक दलले जहाज उडाउनुअघि पूरा गर्नुपर्ने एसओपी भनिने 'स्ट्यान्डर्ड अपरेटिङ प्रसिजर पूरा नगरेको उल्लेख गरिएको छ । यसैगरी नयाँ विमानस्थलबारे जानकारी दिने 'एरोनटिकल इन्फर्मेशन पब्लिकेशन ( एआईपी) मा पर्याप्त जानकारी नभएको कुराप्रति उक्त प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन अनुसार चालकका कारण दुर्घटना भएको निष्कर्ष बुझ्न सकिन्छ । प्राविधिक रूपमा अध्ययनको निष्कर्ष जे भएतापनि, उक्त समयमा को-पाइलट, पाइलटमा बढुवा हुनका लागि उक्त उडान अन्तिम रहेको र विमान पूर्णत: को-पाइलटको नियन्त्रणमा उडान गरिएको कारण दुर्घटना भएकोले ठूलो बहस चल्यो । यसले पाइलट, को-पाइलट भन्दा पनि विमान सञ्चालक कम्पनी माथि ठूलो प्रश्न उब्जिएको छ । को-पाइलटको बढुवाको उडान परीक्षणमा किन ठूलो संख्यामा यात्रुहरू राखियो ? एक को-पाइलटको उडान परीक्षणले ठूलो संख्यामा मानवीय क्षति हुँदा पनि सञ्चालक कम्पनीलाई किन कारबाही गरिएन ? बुधवार भएको सौर्य एयरको विमान दुर्घटनाले पनि यस्तै प्रश्नहरू उब्जाएका छन् ।

मर्मतका लागि भनिसकेपछि विमानमा सानो ठूलो समस्या पक्कै हुनुपर्छ । विशेषगरी चालकदल र प्राविधिकहरू विमानमा निम्तिएको समस्या बारेमा ज्ञात नै हुनुपर्छ । उडानको जोखिमका बारेमा पक्कै पनि चालकदल, प्राविधिकहरू र कम्पनीका सञ्चालकबीच कुराकानी भएकै हुनुपर्छ । उडानमा गल्ती सुधार्ने दोस्रो अवसर हुँदैन भन्ने कुरा सबैलाई हेक्का छ तर, मर्मतका लागि पोखराको उडान भरेको विमानमा त्यत्तिका संख्यामा प्राविधिक, कर्मचारी र कर्मचारीका आफन्तहरू किन पठाइयो ? विश्वमै सबैभन्दा सुरक्षित मानिने हवाई सेवा नेपालमा किन यति धेरै असुरक्षित ? यसबाट नेपालले व्यहोर्नुपर्ने बहुआयामिक क्षतिको आकलन कम्तीमा राज्य सञ्चालकहरूले गरुन् । सधैं झैं यस दुर्घटनाको पनि छानबिनका लागि समिति गठन भएको छ । समितिले केही महिना लगाएर प्रतिवेदन पेश गर्नेछ। आम मानिसलाई न छानबिन समितिको निष्कर्षसँग विश्वास छ न त्यसको कार्यान्वयन हुन्छ भन्ने कुरामा । राज्यसँग यति धेरै अविश्वासको अवस्था सिर्जना हुनुले असामान्य संकटको संकेत गर्छ । दुर्घटनाको कारण मानवीय त्रुटि बाहेक विमानस्थलको भौगोलिक अवस्थिति र अकस्मात् मौसम परिवर्तनलाई उल्लेख गरिनेछ । जहाजको मर्मतसम्भार गर्नुपर्ने, प्राविधिक चेकजाँच गर्नुपर्ने, आधुनिक प्रविधिको जडान गर्नुपर्ने जस्ता विषयलाई बेवास्ता गरिनेछ । चालकभन्दा माथि वायुसेवा कम्पनी र उसमाथि नागरिक उड्डयन प्राधिकरण छ । तर, कुनै छानबिन र कारबाही गरिंदैन । तथ्य र सत्य कहिल्यै सार्वजनिक हुँदैन ।

माथि प्रस्तुत गरिएका दुई दुर्घटनाले उडानको जोखिमलाई कमजोर सोच्दाको ठूलो मानवीय क्षति र वायुसेवा कम्पनी र अरू सम्बन्धित क्षेत्रको लापरबाहीलाई उजागर गरेको छ । छोटो-छोटो समयमा ठूला दुर्घटना र मानवीय क्षतिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायमा साँच्चै नेपाली उड्डयन क्षेत्रप्रति अविश्वास र आकाश असुरक्षित रहेको सन्देश गएको छ ।

यही कारण युरोपेली युनियन (ईयू) ले नेपालको हवाई सेवा नियामक निकाय र नेपालमा दर्ता भएका वायुसेवा कम्पनीलाई सन् २०१३ देखि कालोसूचीमा राखेको थियो । १० वर्षसम्म ईयूले कालोसूचीबाट नहटाउनुका पछाडि निरन्तर भइरहने जहाज दुर्घटना र यसको न्यूनीकरणमा सम्बन्धित निकायको अक्षमता जिम्मेवार छ । यसैगरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन ( आईकाओ)ले विगतदेखि नै नेपालको हवाई सुरक्षा र सरकारी कार्यशैलीमाथि प्रश्न उठाउँदै र सुझाव दिंदै आएको छ । सन् २०१२ देखि २०२१ सम्म विमान दुर्घटनाबारे अनुसन्धानका लागि गठन गरिएका विभिन्न जाँचबुझ आयोगहरूले १७५ वटा सिफारिशहरू गरेका थिए । गत वर्ष नागरिक उड्डयन प्राधिकरणले प्रकाशन गरेको प्रतिवेदनमा तीमध्ये १३१ वटा सिफारिश पूर्णत: पालना गरिएको र ११ वटा आंशिक रूपमा गरिएको, १९ वटा सिफारिश पालना नगरिएको र १४ वटा लागू गर्नु उल्लेख छ । तर हालसम्म त्यसको कार्यान्वयनको प्रगति कतै उल्लेख गरेको भेटिंदैन ।

वायुसेवा कम्पनी र नागरिक उड्डयन प्राधिकरणको प्रत्यक्ष नेतृत्व गर्ने नेपाल सरकार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हो । तर दलीय भागबन्डा र छोटो छोटो समयमा मन्त्री परिवर्तनको मारले उचित अनुगमन, मूल्याङ्कन र कुनै दीर्घकालीन सुरक्षा योजना सहितको काम हुनसकेको छैन । एउटै वायुसेवा कम्पनीको २५ वर्षे उडानको इतिहासमा ११ वटा जहाज दुर्घटना हुँदासम्म पनि राज्य संरचनागत परिवर्तन र यो क्षेत्रमा उल्लेख्य सुधार गर्न अनिच्छुक देखिन्छ । आर्थिक लाभ बढी खोज्ने हाम्रा दल र नेतृत्वको प्रवृत्तिले गर्दा नेपाली उड्डयन क्षेत्र नै तहसनहस भइरहेको छ ।

विश्वभर हवाई मार्गलाई यातायातको सबैभन्दा सुरक्षित माध्यम मानिन्छ । तर, नेपालमा भइरहेको पटक-पटकको दुर्घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रश्न उब्जिएको छ । उडान सुरक्षित भएका रुटमा नै बढी दुर्घटना भइरहेको छ । अध्ययन प्रतिवेदनहरू कारण र समाधानका उपाय पत्ता लगाउन भन्दा पनि जनआक्रोशलाई साम्य पार्ने रीत पूरा गर्ने दस्तावेज मात्र बनेका छन् । राजनैतिक दलहरू, नेतृत्व र सरकार शोकमा समवेदना प्रकट गर्न मात्र तल्लीन छ । सामाजिक सञ्जाल पनि भावनात्मक बहसभन्दा माथि उठ्न सकेको छैन । घटना घटिसकेपछि पछुताउनु बाहेक कुनै विकल्प हुँदैन । यसर्थ विगतबाट पाठ सिकेर दीर्घकालीन हवाई सुरक्षाको योजना बनाई कार्यान्वयन गर्न ढिला नगरौं ।

*-अनलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा सफलता मिल्ने छ । लक्ष्मी प्रसन्न हुने योगछ । | **तुला** : आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । |
| **वृष** : स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । | **वृश्चिक** : व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा हुनेछ । |
| **मिथुन** : वाक्चतुर्‍याईले संकल्प सिद्ध हुनेछ । विभिन्न अवसर जुराउनेछ । | **धनु** : न्यायिक कार्यमा सफलता मिल्ने छ । व्यापारमा धन लाभ हुनेछ । |
| **कर्कट** : घरमा अतिथीको आगमन हुनेछ । भूमिबाट लाभ मिल्ला । | **मकर** : सांस्कृतिक क्षेत्रमा रुची बढ्ने छ । शुभारम्भको चर्चा चल्नेछ । |
| **सिंह** : मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रापनि होला । | **कुम्भ** : रोकिएका आधुरा काम पुन: सुचारु हुनसक्छ । कार्यको चर्चा चल्नेछ । |
| **कन्या** : घरमा अतिथीको आगमन हुने छ । संगीतमा रुचिपनि बढ्नेछ । | **मीन** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ । |

## कृषि

# झाडी फाँडेर चिया खेती



यहाँको काठेखोला गाउँपालिकाले खेर गइरहेका वनक्षेत्र लगायतका झाडी फाँडेर चियाखेती सुरु गरेको छ । यसै वर्षमात्र थामानेटामा तीन रोपनी क्षेत्रफलमा चियाका बेर्ना रोपिएको छ । थामानेटासहित पालिकाले रेश र धम्जामा ५५ रोपनी क्षेत्रफलमा यो वर्ष चियाखेती विस्तार गरेको हो । थामानेटाको जौछरे सामुदायिक वनको झाडी फाँडेर गाउँपालिकाले वन उपभोक्ताको सक्रियतामा चियाको बर्नो लगाएको छ । लोकमार्ग नजिकै रहेको थामानेटा एक प्रसिद्ध वनभोज स्थलका रुपमा परिचित छ । थामानेटामा अहिले 'भ्यू टावर' र आश्रयस्थललगायत संरचनासमेत निर्माण भइसकेका छन् । लोकमार्गका यात्रुहरुको विश्रामस्थलका रुपमा रहेको थामानेटामा चिया बगान निर्माण भएपछि पर्यटक बढ्ने अपेक्षा गाउँपालिकाको छ । थामानेटा आएका पर्यटकलाई थप आकर्षित गर्न र उपभोक्ताको आयआर्जन वृद्धि गर्न यस क्षेत्रमा पहिलोपटक चियाखेती गरिएको काठेखोला गाउँपालिका-५ का वडाअध्यक्ष ज्ञाननाथ कँडेलले जानकारी दिए । उनका अनुसार वडामा पहिलोपटक चियाखेती थाले पनि गाउँपालिकामा भने पहिलो होइन । यसअघि काठेखोला गाउँपालिका-७ रेशमा पाँच वर्ष अघिदेखि चियाखेती भइरहेको छ । रेशको चियाखेती सफल भएपछि गाउँपालिकाले सम्भावित क्षेत्रमा चियाखेती विस्तार गर्न थालेको हो । रेशमा चियाखेती सफल भएपछि गाउँपालिकाले चियाखेती विस्तार गर्ने योजनाअनुसार विभिन्न वडाको ५५ रोपनी क्षेत्रफलमा चियाखेती लगाएको छ । वडाअध्यक्ष कँडेलका अनुसार थामानेटामा एक हजार पाँच सय चियाका बिरुवा पहिलोपटक रोपिएको छ । कँडेलले भने, 'सामुदायिक वनमा आगामी वर्षसम्म १० रोपनी क्षेत्रफलमा चियाखेती लगाउने योजना छ, वडा कार्यालयले चियाखेती विस्तारमा सघाउने लक्ष्य छ ।' काठेखोला गाउँपालिका-७ रेशमा निजी, विद्यालय र सार्वजनिक जग्गामा गरी एक सय ४० रोपनी क्षेत्रफलमा चियाखेती विस्तार भइसकेको छ । रेशमा पाँच वर्षअघि लगाइएका एक हजार पाँच सय चियाका बिरुवाले उत्पादन दिन थालिसकेको छ । चियाखेती गाउँपालिकाभर विस्तार गर्ने लक्ष्य रहेको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए । उनले आर्थिक वर्ष २०८०/८१ मा रेशसहित थामानेटा र धम्जामा चियाखेती विस्तार गरिएको बताए । गाउँपालिकाले चियाखेती विस्तारका लागि रु ११ लाख बजेट विनियोजन गरेको थियो । बिहुँको थामानेटामा झाडी फाँडेर चियाखेती थालिएको छभने रेश र धम्जाका सामुदायिक विद्यालयको बाँझो जग्गालाई चिया बगैँचा बनाउन थालिएको थापाको भनाइ छ । रेशमा उत्पादित चियाले बजार पाउन थालेपछि अन्यत्रको बाँझो तथा खाली जग्गामा चियाखेतीमा गाउँपालिकाले अग्रसरता देखाएको काठेखोला गाउँपालिका-७ रेशका वडाअध्यक्ष प्रेम लामिछानेले जानकारी दिए । -रासस

# भारतले धान, चामलमा कर लगाउँदा आयात घट्यो



प्रमुख भन्सार नाका वीरगञ्ज भन्सार कार्यालय हुँदै धान, चामलका आयातमा गिरावट आएको छ । भारत सरकारले धान, चामल निर्यातमा कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लाग्ने व्यवस्था गरेसँगै यसको प्रभाव नेपालमा परेको हो । कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०-८१ आठ अर्ब २८ करोड ५५ लाख ४२ हजार मूल्य बराबरको २० करोड ८० लाख ९२ हजार चार सय ४८ किलोग्राम धान नेपाल आयात भएको छ । आव २०७९-८० को तुलनामा आव २०८०-८१ मा धान आयातको परिमाण ४४ दशमलव ६० प्रतिशतले घटेको हो । सरकारले प्राप्त गर्न राजस्व पनि ३९ दशमलव ८१ प्रतिशतले घटेको छ । सरकारले गत आवमा धान आयातवापत राजस्व भने ४० करोड ५३ लाख २६ हजार राजस्व सङ्कलन गरेको थियो । कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढङ्गानाले भारत सरकारले गत आवमा धान, चामल निर्यातमा दिँदै आएको कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लगाएसँगै धान, चामलको आयातमा गिरावट आएको बताए । 'वीरगञ्ज भन्सार कार्यालय हुँदै आयात हुने धान, चामलको परिमाण ठूलोमात्रामा घटिरहेको छ', उनले भने, 'धान, चामलको आयात मात्रै होइन । राजस्व सङ्कलनमा पनि प्रत्यक्ष असर पारिरहेको छ ।' वीरगञ्ज भन्सार कार्यालय हुँदै आव २०७९-८० मा १३ अर्ब ७६ करोडको धान आयात गरिएको छ । सो आवमा ३८ करोड ५५ लाख ८८ हजार तीन सय ३९ किलोग्राम धान आयात गरिएको थियो । सो धान आयात हुँदा सरकारले राजस्ववापत ६७ करोड ३४ लाख ६३ हजार सङ्कलन गरेको थियो । आव २०८०-८१ म वीरगञ्ज भन्सार कार्यालय हुँदै एक अर्ब ७२ करोड ६२ लाख ५३ हजार मूल्य बराबरको एक करोड ३२ लाख ४१ हजार तीन सय ७३ किलोग्राम चामल आयात भएको छ । अघिल्लो आवको तुलनामा गत आवमा यो भन्सार कार्यालय हुँदै आयात हुने चामलको परिमाणमा ६३ दशमलव ८० प्रतिशतले गिरावट आएको छ । कार्यालयले चामल आयातवापत प्राप्त गर्ने राजस्व पनि ४१ दशमलव ८ प्रतिशतले घटेको देखिन्छ । गत आवमा चामल आयात हुँदा राज्यले १९ करोड ८७ लाख ३० हजार राजस्व सङ्कलन गरेको छ । आव २०७९-८० मा भने दुई अर्ब ९५ करोड ९९ लाख ४४ हजार मूल्य पर्ने तीन करोड ६५ लाख ८२ हजार ६ सय ८३ किलोग्राम चामल आयात भएको थियो । सो चामल आयात हुँदा राज्यले २३ करोड ४३ लाख ८३ हजार राजस्व सङ्कलन गरेको थियो । गत आवमा धान र चामलको आयात घटे पनि खाद्यान्न मकैको आयात भने केही बढेको छ । आव २०८०-८१ म खाद्यान्न मकै भने पाँच अर्ब ५९ करोड १९ लाख एक हजार मूल्य पर्ने १२ करोड ९९ लाख १८ हजार एक सय ७३ किलोग्राम मकै आयात भएको छ । सो मकै आयात हुँदा राज्यले २७ करोड ७४ लाख १० हजार राजस्व सङ्कलन गरेको छ । आव २०७९/८० को तुलनामा आव २०८०-८१ खाद्यान्न मकैको आयात भने परिमाणमा तीन दशमलव ७२ प्रतिशतले बढेको छ । राजस्व रकम पनि अघिल्लो आवको तुलनामा १८ दशमलव ३६ प्रतिशतले बढेको छ । -रासस

# घाँसखेती प्रवर्द्धन कार्यक्रममा छैन किसानको आकर्षण



पशुजन्य उत्पादनको लागत न्यूनीकरणका लागि प्रदेश सरकारले घाँसमा आधारित पशुपालनमा जोड दिएको छ । किसानलाई घाँस उत्पादन गर्न अनुदान दिएर दानाको माग कम गरी पशुउत्पादन लागत कम गर्नका लागि घाँसखेती प्रोत्साहन कार्यक्रम सञ्चालन भए पनि यसमा किसानको आकर्षण भने छैन । यस कार्यक्रमबाट खेतीयोग्य जमिन सदुपयोग हुने र पशुचौपायाका लागि दाना खर्च घटाउने लक्ष्य राखिएको थियो ।

गण्डकी प्रदेश सरकार मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र कास्कीले गत आर्थिक वर्षमा सञ्चालन गरेको बाँझो जमिनमा घाँसखेती प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित बजेट अत्यन्त कम खर्च भएको छ । कार्यालयले जिल्लामा छ सय रोपनी जमिनमा घाँसखेती गर्नका लागि अनुदानका लागि रु १८ लाख ६० हजार बजेट विनियोजन गरेकामा तीन लाख ३३ हजार मात्र खर्च भएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डेले जानकारी दिए । कार्यक्रमका लागि विनियोजित गरिएको रु १५ लाख २७ हजार रकम खर्च नै हुन सकेन ।

सो कार्यक्रमका लागि १६ कृषक फार्म तथा कृषकबाट तीन सय १२ रोपनीका लागि आवेदन परेकामा तोकिएको मापदण्डअनुसार ११ वटा फार्मको एक सय ११ रोपनीमा लगाइएको घाँसखेतीका लागि मात्र अनुदान प्रदान गरिएको कार्यालयले जनाएको छ । कार्यालयले घाँसखेतीका लागि प्रतिरोपनी रु तीन हजारका दरले अनुदान उपलब्ध गराउने गरेको छ । कृषकले न्यूनतम तीन रोपनी क्षेत्रफल जमिनमा घाँसखेती गर्नुपर्नेछ । 'खेतीयोग्य बाँझो जग्गाको सदुपयोग गरी घाँसेबाली प्रवर्द्धनमार्फत पशु आहाराको उपलब्धता वृद्धि गरी उत्पादन लागत कम गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो,'कार्यालय प्रमुख पाण्डेले भने , 'तर यस कार्यक्रममा कृषकको त्यति धेरै आकर्षण देखिएन, आवेदन नै कम पर्‍यो भने भुक्तानीसम्म पुग्दा आवेदन दिएकाको समेत मापदण्डअनुसार भएन ।' विगतमा खेती गरिएको र विविध कारणले विगत तीन वर्षदेखि बाँझो रहन गएको जग्गा वा हालसम्म खेती नगरिएको तर खेतीयोग्य जग्गामा घाँस लगाउने कृषकले सरकारबाट अनुदान पाउने व्यवस्था गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले गरेको छ । जिल्लास्थित भेटेरिनरी अस्पतालले सिफारिस गरेका एकवर्षीय तथा बहुवर्षीय भुइँ घाँस तथा डाले घाँसको खेती गर्ने कृषकले प्रोत्साहन रकम पाउनेछन् । व्यावसायिक पशुपालक कृषक घनश्याम तिमिल्सिनाले घाँसखेतीका लागि आफ्नै जमिनको समस्या, न्यून अनुदान रकम तथा अनुदानका बारेमा पर्याप्त जानकारी नहुनु लगायत कारणले कार्यक्रमप्रति कृषकको रुचि कम भएको बताए । 'कार्यक्रमका बारेमा कतिपय कृषकले समयमै जानकारीसमेत नपाउने अवस्था छ । अनुदान रकम पनि थोरै मात्र छ,' उनले भने । जग्गा भाडामा लिएर सो जमिनमा समेत घाँसखेती गर्न सकिने र अनुदान पाउने भए पनि कागजी प्रक्रियाका कारणले समस्या हुने गरेको उनले बताए । -रासस

# कृषिमा रमाउँदै दीपक, वार्षिक १५ लाख आम्दानी




कृषि व्यवसाय गरेर भोजपुरका ३४ वर्षीय दीपक श्रेष्ठले लोभलाग्दो आम्दानी गर्दै आएका छन् । दश वर्षअघि कृषि कर्ममा लागेका उनले उदाहरणीय उद्यमीको परिचय बनाएका छन् ।

स्वदेशमा नमूनायोग्य काम गर्ने अठोटका साथ १० वर्षअघि कृषिमा लागेका उनले भोजपुर नगरपालिका-१२ टक्सारमा व्यवसाय सञ्चालन गरेर वार्षिक रु १५ देखि १८ लाखसम्म आम्दानी लिने गरेको बताए । लगनशील भएर काम गरे पैसा कमाउन विदेश जानु नपर्ने उनी बताउँछन् । उद्यमी श्रेष्ठले व्यावसायिक रूपमा कुखुरा, बङ्गुर, माछापालनसँगै केराखेती पनि गरिरहनुभएको छ । व्यवसायका लागि हालसम्म रु एक करोड हाराहारीमा लगानी गरेको बताए । कृषिलाई व्यवसायका रूपमा अँगाल्न गाउँका युवालाई प्रेरित गर्दै उनीले सीप पनि सिकाउँदै आएका छन् ।

राज्यले अनुदानका कार्यक्रम सञ्चालन गर्दा वास्तविक किसानसम्म पुग्नुपर्ने उनले बताए । पहुँचका भरमा कतिपय अनुदानका कार्यक्रम सञ्चालन गरिँदा वास्तविक किसान मारमा पर्ने उनको बुझाइ छ । कृषिमा उदाहरणीय काम गरिरहेको भए पनि हालसम्म राज्यबाट कुनै सहयोग नपाएको उनको दुखेसो छ । आफ्नै फार्मबाट उत्पादन भएको मलको सदुपयोग गर्दै व्यावसायिक केराखेती पनि गरिरहेको उनले बताए। भोजपुर टक्सारमा अजिमा कृषि तथा पशुपालन फार्ममा दुई सय बोट केरा लगाएको उनले बताए । यसलाई विस्तार गर्ने उनको लक्ष्य छ । हाल उनले एक स्थानमा बङ्गुरपालन, पाँच स्थानमा व्यावसायिक कुखुरापालन र दुईवटा पोखरीमा माछापालन गरिरहेको बताए ।

उत्पादित मलको सदुपयोग गर्दै व्यावसायिक सुन्तला, कागती र तरकारीखेती गर्ने योजना उनले सुनाए । खेती विस्तारका लागि उनले २० रोपनी जग्गा भाडामा लिएका छन् । व्यवसायी श्रेष्ठले छ जनालाई रोजगारी पनि दिएका छन् । 'कृषिकर्म गर्ने दक्ष जनशक्ति पाउन समस्या छ । लगनशील भएर कृषिमा लागे हो भने यही मनग्य कमाउन सकिन्छ, युवापुस्तामा आफ्नो ठाउँमा मेहनत गर्ने बानी हराउँदै गएको छ', उनले भने । -डिसी नेपाल डटकम

# आज हेपाटाइटिस दिवस मनाइँदै



**पाल्पा,** साउन १२/आज विश्व हेपाटाइटिस विरुद्धको दिवस नेपालसहित विश्वभर विभिन्न चेतनामुलक कार्यक्रमको आयोजना गरी मनाइँदैछ । हेपाटाइटिस बी भाइरस पत्ता लगाएका प्राध्यापक बारुख सामुएल ब्लुमवर्गको जन्मदिन २८ जुलाईमा हरेक वर्ष विश्वभर हेपाटाइटिस दिवस मनाउने गरिन्छ ।

यो दिवस सन् २००८ देखि हरेक वर्ष २८ जुलाईका दिन विश्व भर थालिएको थियो । नेपालमा भने सन् २०१० को जुलाई २८ देखि मात्र मनाउन थालिएको हो । प्रा. ब्लुमवर्गको सम्झना र भाइरल हेपाटाइटिसबाट हुने स्वास्थ्य समस्याबारे बझ्नु-बुझाउनु यो दिवसको मूल उद्देश्य हो । तर अझै पनि धेरै नागरिकहरु यो रोगबारे अनविज्ञ छन् । नेपालमा हेपाटाइटिस लागेका आधाभन्दा बढी व्यक्तिलाई आफू संक्रमित भएको हेक्का नै छैन । कुनै कारणवश रगत परीक्षण गर्दा हेपाटाइटिस लागेको थाहा भइहाले पनि समाजमा व्याप्त नकारात्मक दृष्टिकोणले गर्दा धेरै बिरामी आफ्नो रोग लुकाउन बाध्य छन् । हेपाटाइटिस रोग बारेको चेतना, यसको परीक्षण र उपचारमा सबैको पहुँच पुऱ्याउनु पर्नेमा दिवसले जोड दिएको छ । हेपाटाइटिस भाइरसद्वारा हुने सरुवा रोग हो । भाइरसको संक्रमणका कारण मानिसको कलेजोमा असर पुगी सुन्निनु वा काम गर्न नसक्ने अवस्थामा पुग्नु नै हेपाटाइटिस हो । हालसम्म यसका ए, बी, सी, डी र ई गरी ५ किसिमका भाइरसहरु रहेको पाईएको छ । विभिन्न किसिमका संक्रमण, असुरक्षित यौन सम्पर्क, संक्रमित आमाबाट जन्मिएको शिशुमा र सिरिन्जबाट लागु पदार्थ लिनेहरुलाई हेपाईटिस रोग लाग्ने गर्दछ । विश्वका ४० करोड मानिसमा विभिन्न किसिमका हेपाटाइटिसको संक्रमण रहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । जसमध्ये करीब ३ लाख ८० हजार नेपाली छन् । संसारभर १४ लाख मानिसको प्रत्येक वर्ष विभिन्न किसिमका हेपाटाइटिसका कारण मृत्यु हुने गरेको छ ।

# पहिराले नहर...

...नगरपालिकाको पहलमा ढुङ्गा हटाउनका लागि नगरस्तरीय विपद समिति, जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति, गण्डकी प्रदेशका मुख्यमन्त्री, सिँचाइ, ऊर्जालगायतका मन्त्रालय र केन्द्रमा गृह, उर्जा, रक्षा मन्त्रालयहरुमा पटक-पटक जानकारी र छलफल जारी रहेको उनले बताए । 'स्थानीय स्रोत र साधनको प्रयोग गरी ढुङ्गा हटाउन सकिने स्थिति देखिएन', उनले भने, 'ठूला ढुङ्गा हटाउने एकमात्रै विकल्प भनेको विष्फोटक पदार्थको प्रयोग गरी ढुङ्गा फुटाल्नु हो, त्यसका लागि नेपाली सेनासित निरन्तर छलफल जारी रहेको छ ।' नेपाली सेनाले सम्बन्धित ठाउँको वस्तुस्थिति अध्ययन गरिसकेकाले अब छिट्टै ढुङ्गा हटाएर नहर सञ्चालन गर्न सकिन्छ । पहिराले नहर पुरिएको स्थानमा ढुङ्गा फुटाल्नका लागि आवश्यक पर्ने विष्फोटक पदार्थसमेत हेलिकप्टरको प्रयोग गरी लैजानुपर्ने स्थिति रहेको उनले बताए । 'साउनको दोस्रो साता भइ सक्दा धान रोप्न ढिलाइ नहोस् भनेर भुङ्दी खोलाको पानीले रोप्न सुरु गर्न भनेका छौँ', उनले भने, 'अब केही दिनमा नहर सञ्चालनका लागि हामी निरन्तर लागि रहेका छौँ ।' विष्फोटक पदार्थ नेपाली सेनाबाहेक अरुले प्रयोग गर्न नपाउने र प्रक्रिया झण्झटिलो र लामो हुने भएकाले नहर सञ्चालनमा ढिलाइ भएको गण्डकी प्रदेशका पूर्वसांसद भागवतप्रकाश मल्लले बताए । विष्फोटक पदार्थको प्रयोग गर्नुपर्ने भएकाले त्यसको लागत स्टिमेट नेपाली सेनाले उपलब्ध गराउने र स्रोतको सुनिश्चितता गरी काम अगाडि बढाइने उनले बताए । 'नहर सञ्चालन गर्न चापाकोट नगरपालिका, गण्डकी प्रदेश सरकार तथा अन्य सरोकारवालाका तर्फबाट निरन्तर पहल भइरहेको छ', उनले भने, 'विष्फोटक पदार्थको प्रयोग गरी ढुङ्गा हटाउनका लागि प्रक्रिया अन्तिम चरणमा पुगेकाले केही दिनभित्रै नहर सञ्चालन भई रोपाइँ गर्न सकिन्छ ।' *-रासस*


## तानसेन बहुमुखी क्याम्पसमा भर्ना खुल्यो !

**तानसेन बहुमुखी क्याम्पस तानसेन ७, काजीपौवामा कक्षा ११ मा निम्न संकायमा भर्ना खेलेकाले छिटो सम्पर्क गर्नुहोला ।**

**संकायहरु :**

- व्यवस्थापन
- शिक्षा
- मानविकी

**हाम्रा सेवाहरु :**

-विद्याथीहरुको लागि क्याम्पस बसको सुविधा ।
-सबै विद्यार्थीहरुलाई वर्ष भरिनै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइएको छ।
-अधिकांश विद्यार्थीका लागि छात्रवृत्ति सुविधा उपलब्ध छ ।
-पर्याप्त खेल मैदानसहित अतिरिक्त क्रियाकलापको व्यवस्था छ ।
-शिक्षामा गुणस्तरियता हाम्रो प्रतिवद्धता रहेको छ ।

विस्तृत जानकारीका लागि क्याम्पस सम्पर्क : ०७५-५२२४५०
मोवाइल : ९८५७०७७३१६, ९८४७०३०९७५, ९८५७०६०८५०, ९८५७०६०७२६



**तानसेन बहुमुखी क्याम्पस**
तानसेन -७, काजीपौवा, पाल्पा



मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### चीनले जित्यो ओलम्पिकको पहिलो स्वर्ण



**काठमाडौं,** १२ साउन/चीनले पेरिस ओलम्पिक २०२४ को पहिलो स्वर्ण जितेको छ । औपचारिक उद्घाटन भएको भोलीपल्ट शनिवार चीनले सुटिङ अन्तर्गत १० मिटर एअर राइफ मिक्स इभेन्टमा स्वर्ण जितेको हो ।

स्वर्ण पदकको लागि भएको खेलमा चीनले दक्षिण कोरियालाई १६-१२ ल पराजित गरेको हो । चीनिया जोड हुवाङ युतिङ र शेङ लिहाओले मिलेर स्वर्ण जितेका हुन् । तर यो जोडी स्वर्ण जित्दा पेरिसमा भन्दा बाहिर थियो । पेरिसबाट बसमा करिब ३ घण्टाको दूरीमा रहेको चाटेउरोक्समा रहेको सुटिङ रेन्जमा शनिवार बिहान उनीहरुले आफ्नो देशको लागि पहिलो स्वर्ण जिताएका हुन् । चीनले तीन वर्षअघि जापानमा भएको टोकियो २०२० मा पहिलो स्वर्ण पदक जितेको थियो । शनिवारै काजाखस्तानका अलेजान्द्रा ले र इस्लाम सातपायेकले जर्मनीका अन्न जानसेन र म्याक्सिमिलियन उलब्रिनचलाई १७-५ को ले पराजित गर्दै कांस्य पदक जितेका थिए । पेरिस ओलम्पिकमा शनिवार नेपालका दुई खेलाडीले प्रतिस्पर्धा गर्दैछन् । टेबलटेनिसका श्यान्टु श्रेष्ठले मेन्स सिंगल्सको प्रारम्भिक चरणमा सेनेगलका खेलाडी इब्राहिमसँग खेल्दैछन् । यस खेल जितेमा उनी अराउण्ड अफ ६४ मा प्रवेश गर्नेछन् । यस्तै ब्याडमिन्टन खेलाडी प्रिन्स दाहालले समूह पी को पहिलो खेलमा विश्व नम्बर दुई डेनिस खेलाडी भिक्टो एक्सेलसनको सामना गर्नेछन् । ३३औं समर ओलम्पिकमा विश्वका २०६ देशबाट १० हजार ७१४ खेलाडीले ३२ खेलको ३२९ इभेन्टमा प्रतिस्पर्धा गर्नेछन् ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# ६५ अर्ब २२ करोडको चिनीया सामान आयात



**पाल्पा,** साउन १२/नेपालमा निर्यात भन्दा आयात बढी हुने गरेको छ । खाद्यान्नदेखि तत्ता कपडासम्मका सामान आयात हुने गरेको छ ।

गत आर्थिक वर्षमाचिनबाट मात्र ६५ अर्ब २२ करोड ६३ लाख बराबरको सामग्री नेपाल आयात गरिएको छ । यो रसुवागढी नाकाबाट भित्रिएको तथ्याङ्क मात्र हो । आयात गरिएका सामग्रीमा इन्धन एवं विद्युतीय सवारीसाधन, तयारी कपडा, रवर, जुत्ता, चप्पल, हाते झोला, होजियारी कपडा, जुत्ता तयार गर्ने सामग्री, स्याउ, लसुन ओखरलगायतका छन् । गत आवमा सात हजार तीन सय ७७ चिनियाँ सवारीसाधन आयात भएका थिए । सोमध्ये तीन सय ४५ इन्धनबाट चल्ने र सात हजार ३२ वटा भने विद्युतीय सवारीसाधन रहेको पाइन्छ । गत वर्ष आयात भएका सवारीसाधनको मूल्य १९ अर्ब ५७ करोड ४५ लाख रहेको भन्सार विभागले जनाएको छ ।

आव २०७९/८० मा एक हजार सात सय मात्र सवारीसाधन आयात भएका थिए । निर्याततर्फ भने एक अर्ब ९६ करोड १८ लाख बराबरको तामाका भाँडाकुँडा, गलैंचा, चाउचाउ, नुड्लर्स, पास्ता, जडीबुटी, आल्मोनियमका भाँडाकुँडा, पछ्यौरा, सल, दोसल्ला, बुक व्यान्डिङका कपडा, तयारी कपडासमेत एक अर्ब ९६ करोड १८ लाख बराबरका सामग्री रहेका छन् ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- लामखुट्टेको टोकाईबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरिपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्दा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई